# सिम्ता गांउ पालीकाको खानेपानी तथा पूर्ण सरसफाइ गुरु योजना,२०७५

# Water and Total Sanitation Master Plan of Simta Rural Municipality, 2018

**प्रकाशक :**

**सिम्ता गाउं पालीका**
**सुर्खेत**

**सिम्ता गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
जामुने बजार, सुर्खेत

## गाउँपालिका अध्यक्षको तर्फबाट व्यक्त शुभकामना

सुर्खेत जिल्ला सिम्ता गाउँपालिकाको खानेपानी तथा पुर्ण सरसफाई गुरु योजना तयार गरि प्रस्तुत गर्न पाउदा कार्यालय परिवार हर्षित भएको छ । गाउँपालिकामा आफ्नो क्षेत्र भित्ररहेका खानेपानी तथा सरसफाई सुविधाहरुको वर्तमान अवस्था र भविष्यको योजनाका समग्र पक्षहरूको चित्रण हुने गरी योजनाबद्ध विकासलाई प्रश्रय दिने हेतु यो गुरुयोजना तयार गर्न सक्ने स्थानीय स्वायत शासन ऐन/नियमको व्यवस्था अनुरुप गाउँपालिकाको कार्यालय सिम्ता, सुर्खेतबाट तयार गरिएको छ । यस अध्ययन कार्यमा गाउँपालिकालाई सम्पुर्ण वडा अध्यक्ष ज्यु हरुका अलावा विभिन्न क्षेत्रबाट प्राविधिक, परामर्श तथा रायसुझाव प्राप्त भएको छ जसको परिणामस्वरुप यो कार्यालयले आफ्नो खानेपानी तथा सरसफाइका रणनितिक गुरुयोजना तयार गर्न सफल भएको छ । यो खानेपानी तथा सरसफाइका रणनितिक गुरुयोजना तयार पार्नका लागि परामर्श तथा प्राविधिक सहयोग गरि यस अध्ययन कार्य सफल पार्न योगदान गर्ने गाउँपालिकाका सम्पूर्ण परिवार प्रति हार्दिक आभार प्रकट गर्दछ । यसैगरी यहांको खानेपानी तथा सरसफाई को यथावस्था विश्लेषण र तयारी कार्यमा सहजिकरण गर्ने र आवश्यक परामर्श प्रदान गर्ने, विभिन्न तहका छलफल कार्यमा सहजिकरण तथा तथ्यांक संकलन गर्नुहुने यस निकायमा क्रियाशिल राजनैतिक दलका निर्वाचित पदाधिकारीज्यूहरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, कार्यालयका सामाजिक परिचालकहरू लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति गाउँपालिका सदैव आभारी छ । अध्ययनको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, अपुग तथ्याङ्क संकलन तथा विश्लेषण, गाउँस्तरीय छलफल गरि अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता र सिम्ता गाउँपालिकाको खानेपानी तथा सरसफाइका रणनितिक गुरुयोजना सम्बन्धी तयारी कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग दिनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद सहित हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

..........................
कविन्द्र के सी
(अध्यक्ष )

सिम्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुर्खेत

## कार्यकारी अधिकृतको तर्फबाट व्यक्त शुभकामना

सुर्खेत जिल्लाको पूर्वि क्षेत्रमा पर्ने सिम्ता गाउँपालिकाको खानेपानी तथा सरसफाइका रणनितिक गुरुयोजना गाउँपालिकाले तयार गरि प्रस्तुत गर्न पाँउदा हामी हर्षित भएका छौ । यस अध्ययन कार्यमा गाउँपालिकालाई विभिन्न क्षेत्रबाट प्राविधिक सहयोग, परामर्श तथा रायसुझाव प्राप्त भएको छ जसको परिणामस्वरुप यो वस्तुगत विवरण तयार गर्न गाउँपालिका सफल भएको छ । खानेपानी तथा सरसफाइका रणनितिक गुरुयोजना तयार गर्न प्राविधिक सहयोग गरि यस अध्ययन कार्यलाई सफल पार्न योगदान गर्ने मुनलाइत इन्जिनियरिङ्ग तथा रिसर्च कन्सल्टेन्सी प्रति सर्वप्रथम गाउँपालिका परिवार हार्दिक आभार प्रकट गर्दछ । यसैगरी यस खानेपानी तथा सरसफाइका रणनितिक गुरुयोजना निर्माण कार्यमा सहजिकरण गर्ने र आवश्यक परामर्श प्रदान गर्ने, विभिन्न तहका छलफल कार्यमा सहजिकरण तथा तथ्यांक संकलन कार्यमा सहयोग पुर्‍याउनु हुने क्रियाशिल राजनैतिक दलका निर्वाचित पदाधिकारीज्यूहरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, कार्यालयका सामाजिक परिचालकहरू लगायत सम्पूर्ण सरोकारवालहरु प्रति गाउँपालिकाको तर्फबाट आभार व्यक्त गर्दछु । अध्ययनको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, अपुग तथ्याङ्क संकलन तथा विश्लेषण, गाउँस्तरीय छलफल गरी अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता र सिम्ता गाउँपालिकाको खानेपानी तथा सरसफाइका रणनितिक गुरुयोजना सम्बन्धी अध्ययन कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग दिनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद् सहित हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

.......................
जनक बहादुर हमाल
(कार्यकारी अधिकृत)


सुर्खेत जिल्ला : स्थानिय तहको प्रस्तावित संरचना
प्रस्तावित तह नं. ९: सिम्ता गाँउपालिका
N
साविकका वडा संख्या : ७२
हाल प्रस्ताव गरिएको वडा संख्या : ९
कुल जनसङ्ख्या : २५,८४५
चिङ्गाड गाँउपालिका
गुर्भाकोट
नगरपालिका
१
२
३
४
५
६
७
८
९
Kilometers
0 1 2 4 6 8
संकेत
गाविस /न पा सिमाना
वडा सिमाना
प्रस्तावित केन्द्र
नक्सा तयार पार्ने : स्थानीय तह पुर्नसंरचना प्राविधिक सहयोग समिति, सुर्खेत

# विषय सूचि


**१. पृष्ठभूमि ........ 1**

**२. खानेपानी तथा सरसफाई गुरुयोजनाको आवस्यकता ........ 2**

**३. खानेपानीको बर्तमान अवस्था ........ 2**

**४. सरसफाईको बर्तमान अवस्था ........ 21**

**५. रणनीतिक योजना ........ 23**

**६. खानेपानी,सरसफाइ तथा स्वच्छता प्रर्वद्धन क्षेत्रमा कार्यरत सरोकारनिकायहरु ........ 30**

**७. पूर्ण सरसफाइका सूचकहरू ........ 30**

**८. रणनीतिक योजनाको निति ........ 32**

**९. रणनैतिक योजना कार्यान्वयनका समस्या तथा चुनौतिहरु ........ 35**

**१०. खानेपानी, सरसफाइ तथा स्वस्चछता प्रर्वद्धनको लागि गरीएका नीतिगत व्यवस्था / सहमति ........ 36**

**११. लैङ्गिक तथा सामाजीक समाबशिकरण ........ 37**

**१२. आपत्कालिन पूर्व तैयारी ........ 37**

अनुसूचिहरु ........ 39

अनुसूची १. सरोकारवलाहरुको पहिचान ........ 39

अनुसूचि २. सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ........ 40

अनुसुची ३  आयोजनाको प्राथमिकिकरण ........ 45

अनुसुचि ४ खाानेपानीको कृयाकलाप तथा कार्य योजना ........ 53

अनुसुचि ५ सिम्ता गाउँ पालिकामा खानेपानी तथा को अवस्था ........ 61

अनुसुचि ६ खानेपानीको समस्या विश्लेषण ........ 63

# १. पृष्ठभूमि

नेपालमा विकेन्द्रित शासनको कोशेढुङ्गाको रुपमा रहेको स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ ले स्थानीय निकायमा अधिकार सहितको स्थानीय शासनको परिकल्पना गरेको छ। सो अनुसार स्थानीय निकायले सम्बन्धित क्षेत्रको वस्तुस्थिति विश्लेषण गर्ने, श्रोत अनुमान गर्ने, आवधिक योजना तथा बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने, विकास कार्यहरूबाट प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गरेको छ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३ अनुसार प्रत्येक गाउँले विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्ने छ। यसैगरी दफा ४४ अनुसार प्रत्येक गाउँले विकासका निम्ति गाउँ स्तरीय वस्तुगत तथ्याङ्क संकलन गरी गाउ"को वस्तुस्थिति देखिने स्रोत नक्सा तयार गर्नु पर्ने व्यवस्था गरेको छ।

यसैगरी गाउ" विकास योजना तथा बजेट तर्जुमा २०६७ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र गाउँ विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६६ (संशोधन र परिमार्जन) अनुसार गाउ"पालिकाले विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरि गाउँको वस्तुस्थिति झल्किने विवरण तयार गरि हरेक ५ बर्षमा अद्यावधिक गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ। यसका साथै गाउँको विद्यमान स्थितिको विश्लेषण गरि गाउँ विकासको प्रयासलाई दिशानिर्देश गर्न आवधिक तथा बार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा गाउ" विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयार तथा अद्यावधिक गर्नु पर्ने नीतिगत व्यवस्था रहेको छ।

स्थानीय शासनलाई सुशासन प्रवर्धन, सामाजिक सशक्तिकरण तथा विकास प्रतिफल अभिबृद्धि गर्ने प्रमुख रणनीतिको रुपमा स्वीकार गरिएको छ। नेपालको संविधान २०७२ ले स्थानीय शासनको संवैधानिक व्यवस्था गरेको छ। संवैधानिक व्यवस्था अनुसार शासन संचालनमा केन्द्रिय, प्रादेशिक तथा स्थानीय सरकारको संरचना प्रस्ताव गरिएको छ। संविधानले गाउ"पालिका र नगरपालिकालाई स्थानीय सरकार र जिल्लातहमा विकास व्यवस्थापन तथा सेवा प्रवाह कार्यमा समन्वय गर्न जिल्ला परिषदको व्यवस्था गरेको छ। संवैधानिक व्यवस्था अनुसार स्थानीय तहमा समावेशी तथा लोकतान्त्रिक प्रणालीको अभ्यास र विकास प्रतिफलमा अभिबृद्धी गर्न स्थानीय शासनको अनुशरण गर्ने व्यवस्था उल्लेख गरिएको छ।

नेपालको संविधान २०७२, धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भई जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ।

नेपालको वर्तमान संवैधानिक व्यवस्था अनुसार हरेक स्थानीय निकायले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४४ अनुसार प्रत्येक गाउँ विकास समितिले गाउँ विकास क्षेत्रको विकासका निम्ति

गाउँस्तरीय वस्तुगत तथ्याङ्क संकलन गरी गाउँको वस्तुस्थिति विवरण तयार पार्नुपर्ने प्रावधान भएको तर नेपालको संविधान २०७२ अनुसार गाउ‘‘ विकास समीतिको संरचना हटेर गाउँपालिका र नगरपालिकाको अवधारणा आए अनुसार साविकका घोरेटा, काफलकोट, आग्रिगाउँ, बजेडिचौर, राकम, काप्रिचौर, डाँडाखाली, खानीखोला गाउँ विकास समितिहरु मिलेर नयाँ सिम्ता गाउँपालिका बनेको छ । यसै सन्दर्भमा मुनलाइट इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टरको प्राविधिक सहयोगमा यस गाउँपालिकाको खानेपानी तथा पुर्ण सरसफाई गुरु योजना तयार भएको छ । गाउँपालिकाको गुरु योजना पुस्तिका तयार पार्दा गाउँपालिकाको बर्तमान खानेपानी तथा सरसफाईको अवस्था, सम्भावित श्रोतहरु, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाईको अध्ययन तथा स्थानीय खानेपानी तथा सरसफाई उपभोक्ता समुहहरु संग छलफल गरि तयार गरिएको हो ।

## २. खानेपानी तथा सरसफाई गुरुयोजनाको आवस्यकता

नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ मा व्यवस्था भए अनुरुपका गाउँपालिका तथा नगरपालिकाहरु मिति २०७३।११।२७ गते भएको निर्णय अनुसार क्रियाशिल भएपश्चात यस सिम्ता गाउँपालिका पनि साविकका ८ वटा गाविसहरु घोरेटा, काफलकोट, आग्रिगाउ, बजेडिचौर, राकम, काप्रिचौर, डाडाखाली र खानीखोला मिली बनेको हो । यो गाउँपालिका घोषणा भएपश्चात समायोजन भएको स्थानहरुको सम्पूर्ण खानेपानी र सरसफाईको वस्तुस्थिति समावेश हुनेगरी कुनै आधिकारीक दस्तावेज नभएको अवस्थालाई मध्यनजर गर्दै गाउँ पालीकाको मिती २०७५/२/२४ को निर्णय वमोजिम यो गुरुयोजना तयार गरिएको छ । खानेपानी तथा सरसफाई जनताको नैसर्गीक अधिकारको रुपमा संविधानमा व्यवस्था गरे अनुसार यस गाउँपालीका क्षेत्रका जनतालाइ आधारभुत खानेपानी तथा सरसफाईको दिगो पंहुचमा अभिवृद्दि गर्नु गाउ पालीकाको जिम्मेवारी भित्र पर्न आउछ । यस जिम्मेवारीलाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याउनको लागी खानेपानी तथा सरसफाई गुरुयोजना अत्यावस्यक हुन आएको छ । विना योजना र अनुमानमा गरिने विकासले समुदायको खानेपानी र सरसफाईको पंहुचमा तात्वीक भिन्नता नहुने विगतका परम्पराले पाठ सिकाएको छ । तसर्थ तथ्यगत स्पष्टताका साथ अति आवस्यक समुदायहरुको लागि प्राथमिकता तोकेर आवस्यक योजन बनाएर खानेपानी तथा सरसफाइको क्षेत्रमा आगामी ५ वर्षमा देखिने गरि विकास गर्न गुरुयोजनाको निर्माण अपरिहार्य देखिएको छ ।

## ३. खानेपानीको बर्तमान अवस्था

### ३.१ वडा नं १ (घोरेटा) को खानेपानीको अवस्था

३.१.१ निगाले खोला खानेपानी योजना

जुगेनीखोला जाजरकोटबाट २०४८ साल देखि नै ल्याएर नेपाल सरकार खानेपानी डिभिजन कार्यालयबाट निर्माण गरि संचालनमा आएको योजना साविकको घोडेटा गा वि स कै ठुलो योजना हो करिव २५०० मिटरको मेनलाइन र तेतिनै शाखालाइन भएको योजनाले करिव ६३ घरका जनतालाई सेवा पुगेको अवस्था छ । रिजर्भ टैंक भन्दा करिब ५ घर रहेकाले सो टोलमा लानको लागी सानो लिफ्टको समेत व्यवस्था गर्नु पर्ने देखिन्छ तर मुहानको उचाइका आधारमा सो स्थानमा सजिलै पानी जाने देखिएकोले वैकल्पिकका रुपमा सो स्थानमा सानो रिजर्भ टैंक बनाएर अहिलेको रिजर्भ टैंक निर

बाट सिधा पाइप लगेर पनि पानी लान सकिन्छ त्यसको लागी पानी चढाउने बेलामा रिजर्भ टैंकीको पानी झर्ने ठाउँ पानी माथी चढने बेला सम्म बन्द गर्नु पर्छ ।
यस योजनाको प्रमुख समस्यामा श्रोत विवाद रहेको छ । जाजरकोटका समुदायले पटक पटक मुहानका संरचनाहरु बिगारी दिने साथै पाइप समेत लगि दिने र सो समस्या हाल सम्म पनि समाधान नभएकोले उच्च राजनितिक वा गाउँ पालिका तहबाट नै समस्या समाधानको पहल गर्नु पर्ने देखिन्छ । सकृय उपभोक्ता समिति रहेको र सो स्थानको लागी अन्य बैकल्पिक श्रोत समेत नरहेकोले सो विवाद तत्कालै समाधान गर्न पहल गर्नु पर्ने देखिन्छ ।




**३.१.२ खनेटा खानेपानी योजना**खनेटा बजार घोडेटाकै केन्द्र विन्दुमा रहेपनी खानेपानीको अति नै हाहाकार छ । बजार भन्दा केहि माथीको मूलवाट पाइपलाइन बाट पाइपको पानी वितरण गरिएको भए पनि डीजाइन र प्राविधक सुपरिवेक्षण बेगर निर्माण गरिएको योजनाको वितरण व्यवस्था व्यवस्थित छैन तसर्थ मुल सानो नै भएपनि रिजर्भ टैंक र मुहान पुननिर्माण गरेर पुरानै पाइपलाई व्यवस्थित गर्न सके पानीको समस्या केहि रुपमा समाधान हुने देखिन्छ तथापी दिर्घकालीन रुपमा समाधानका लागी त्यहि पातीहाल्नमा ल्याएको पानी लाई जाजरकोट संगको समस्या समाधान गरि वितरण गर्न उपयुक्त देखिन्छ ।




### ३.१.३ मुलखोला खानेपानी योजना

करिव २० घर र १ वटा स्कुल जस्मा करिब ३२ जना विद्यार्थी अध्ययनरत रहेको गाँउ भन्दा तल राम्रो खानेपानीको मुहान रहेको छ । मुल खोला श्रोत जसबाट पाइपबाट तल तिर लगेर पाइपलाइन योजना र ति २० घरले खानको लागी मुहानमा नै धारा छाडिएको छ । सोहि मुलमा इन्टेक तथा रिजर्भ टैंक बनाएर सोलार लिफ्टबाट पानी तानेर वितरण गरेमा खानेपानीको समस्या समाधानहुने देखिन्छ । सो आयोजना निर्माणका लागी २ वटा रिजर्भ टैंक, इन्टेक, सोलार पम्प, पाइप र पाइपलाईन खन्न पुर्ने कामका लागी करिव २० लाख लाग्ने इस्टमेट गरिएको छ । खन्ने पुर्ने काम स्थानिय जनसहभागीता



द्वारा गरे पनि करिब १८ लाख नगद व्यवस्थापन गरेर सोलार पम्प सहितको योजना गर्नु पर्ने देखिन्छ। घर संख्याको आधारमा आयोजना केहि महङ्गो भए पनि जनताको पानी पिउन अधिकार लाई सुनिश्चत गर्न यो योजना वडा मध्यमा प्रथम प्राथमिकतामा पर्ने देखिन्छ।

### ३.१.४ घोरेटा खानेपानी योजना

करिव ७ घर र रहेको गाँउ भन्दा तल खानेपानीको श्रोत रहेको र सोहि श्रोतको पानी सोलार पम्पबाट तानेर गाउँमा टैंकी बनाएर ७ घरमा वितरण गर्न सके त्यहांका जनताको खानेपानीको समस्या समाधान हुने छ । सो आयोजनाको लागि जम्मा १० लाख ८० हजार लाग्ने प्राविधिक अनुमान गरिएको छ। प्राथमिकीकरणमा वडामा दोश्रो नम्वरमा पर्ने देखिन्छ।




### ३.१.५ तल्लो सुन्तला खानेपानी योजना

करिव ५० घर र एउटा १५६ विद्यार्थी रहेको मा वि सहितको तल्लो सुन्तला गाँउमा पनि पानीको अभाव रहेको छ। खानेपानीको उचित व्यवस्थापन नै यहांको प्रमुख समस्या हो। घर नजिकै खोला बगे पनि पिउने पानीको अभावमा अधिकांस समुदाय त्यहि खोलाको असुरक्षित पिउन बाध्य छन। गांउ भन्दा माथी पानीको श्रोत भए पनि त्यसको उचित व्यवस्थापन र पानीको श्रोत नै सानो भएकोले समस्या छ । बैकल्पिक श्रोतहरुको अभावमा नयां योजना डिजाइन गर्न असम्भव भएकोले सोहि योजनाको उचित व्यवस्थापन गरि पिउने पानी प्रयोग गर्ने र अन्य प्रयोजनका लागि नजिकको खोलामा भर पर्नु उचित देखिन्छ।




### ३.१.६ बाहांखर्क खानेपानी योजना

छिन्चु जाजरकोट राजमार्गमा पर्ने करिब ३० घर पसल भएको बांहाखर्क बजार दिन प्रतिदिन शहरिकरण हुदैं गइ राखेको छ । यो बजार क्षेत्रमा खानेपानीको अभाव दिन प्रति दिन बढदो छ । हालमा एउटा सानो श्रोत बाट पानी ल्याएर बजारमा वितरण गरिए पनि बजारको माग धान्ने



सकिरहेको छैन । नुहाउन धुनको लागि कुलो बनाएर ल्याएको पानीमा निर्भर हुने गरेका बजार बासीका लागी एक घर एक धाराको अवधारणा प्रयोगमा ल्याउन उचित देखिन्छ । पानीका लागी नजिकमा कुनै श्रोतहरु नभएकोले सोहि नदिको पानी लाई शुद्दिकरण गरेर वितरण गरे दिर्घकालीन समस्या समाधान हुने देखिन्छ । बांहाखर्क वडा नं १ र २ को प्रमुख व्यापारीक नाका भएकोले दिनहुं यस क्षेत्रमा बजार गर्न आउने समुदायको मागलाई समेत ध्यानमा राखेर यो बजारमा खानेपानी योजना निर्माण गर्नु पर्ने देखिन्छ । पानीको उचित व्यवस्थापन भएमा यहां बजार विस्तार को सम्भावना देखिन्छ

### ३.१.७ चाउरी खोला खानेपानी योजना

करिव ८५ घर धुरी बसोवास गर्ने जाजरकोट छिन्चु राजमार्गमा पर्ने यो योजनाले चौर, लुकहि र रोकाय गांउ गरि ३ वटा गांउमा पानीको आपुर्ती गरि राखेको छ । योजानाले पानी राम्रो संग प्रवाह गरेको र हालको आवस्यकता पुरा गरेको देखिन्छ तथापी राजमार्गले छोएको र खाली जग्गा प्रशस्त रहेकोले बजार विस्तारको सम्भावना नकार्न सकिन्न ।




### ३.१.८ अन्य साना खानेपानी योजनाहरु

माथी उल्लेखित केहि खानेपानी योजनाहरु बाहेक निम्न खानेपानी योजनाहरु साविकको घोरेटा गा वि स र हालको वडा नं १ मा रहेका छन ।

क) **बाहुन डेरा खानेपानी योजना** : करिब १५ घरका लागी संचालीत यो बाहुनडेरा खानेपानी योजना सामुदाय सहयोग कार्यक्रम डि एफ आइ डि को आर्थीक सहयोगमा निर्माण भए पनी हालमा संचालनमा छैन र सिधै मुहानबाट पानी प्रयोग हुदैं आएको छ । मुहान भन्दा माथी पनि केही घर र बांकी ३ वटा टोलमा विस्तार भएको योजनाको मर्मत गरि संचालनमा ल्याउन पर्ने देखिन्छ ।

ख) **खरिका नाउला खानेपानी योजना** : करिब ८ घरका लागी निर्माण भएको योजनामा पानीको उपलव्धता ज्यादै न्युन छ तथापी उपभोक्ताहरुले पिउनका लागि निर्वाह गरेको अवस्था छ ।

ग) **औल गान्द्रा खानेपानी योजना** : खोल्सा पारी २ घर र विद्यालयका लागी छुट्टै मुहान बाट र खोल्सा यता करिब ९ घरका लागी पातेखोला श्रोत बाट खानेपानीको व्यवस्था गरिएको छ । योजना संचालनको अवस्था अति राम्रो भएको सर्वेक्षणका दौरानमा देखियाो ।

घ) **गोगनपानी चिनेकमद खानेपानी योजना** : करिब १२ घरका लागी संचालनमा आएको यो योजनाको संचालन अवस्था पनि राम्रो रहेको छ ।सेवा गर्ने यो बाहुनडेरा खानेपानी योजना स

ङ) **बुडली धारापनी ठाकुर डेरा खानेपानी योजना** : करिब १९ घरका लागी संचालनमा आएको यो खानेपानी योजना खानेपानीका लागी पर्याप्त भए पनि अन्य मानविय आवस्यकताका लागी अपुग हुने देखिन्छ ।

च) **परीमुल खानेपानी योजना** : जम्मा २ घरका लागी संचालनमा आएको यो योजनामा पानीको पर्याप्त उपलब्धता छ ।

छ) **ढरगाउँ खानेपानी योजना** : करिब ७ घरका लागी संचालनमा आएको यो योजना खान

ज) **धाराखोला खानेपानी योजना** : करिब ५ घरका लागी व्यक्तिगत तवरमा संचालनमा आएको योजनामा पिउनका लागि प्रशस्त पुगेको छ र यसको लागी थप काम गर्न पर्ने देखिन्न ।

झ) **भुतकुरा खानेपानी योजना** : करिब ८ घरका लागी संचालनमा आएको यो खान

ञ) **कुइरा पानी खानेपानी योजना** : करिब ५ घरका लागी संचालनमा आएको यो खान

प) **खरी नाउला खानेपानी योजना** : करिब ८ घरका लागी संचालनमा आएको यो खान

फ) **तल्लो डेरा खानेपानी योजना** : ७ घरका लागी

ब) **परडेरा खानेपानी योजना** : करिब ८ घरका लागी संचालनमा आएको यो खान

भ) **कोसे टाकुरा खानेपानी योजना** : करिब ८ घरका लागी संचालनमा आएको यो खान

म) **धाराखोला खानेपानी योजना** : करिब १७ घरका लागी संचालनमा आएको यो खान

त) **धाराखोला दोखाल्ना गैरीटोल खानेपानी योजना** : करिब १७ घरका लागी संचालनमा आएको यो खान

थ) **सिमेना खानेपानी योजना** : करिब ६ घरका लागी संचालनमा आएको यो खान

द) **राउतखोला डांडाखर्क खानेपानी योजना** : करिब १३ घरका लागी संचालनमा आएको यो खान

ध) **धाराखोला डांडामति खानेपानी योजना** : करिब १० घरका लागी संचालनमा आएको यो खान

न) **फुर्के सल्ला खानेपानी योजना** : करिब १० घरका लागी संचालनमा आएको यो खान

य) **पहिरामुल सुन्तला खानेपानी योजना** : करिब १३ घरका लागी संचालनमा आएको यो खान

र) **बैस धारा खानेपानी योजना** : करिब ५ घरका लागी संचालनमा आएको यो खान

ल) **धाराखोला पिपल राउटेगरा खानेपानी योजना** : करिब ५ घरका लागी संचालनमा आएको यो खान

व) **बुढा नाउला खानेपानी योजना** : करिब ४ घरका लागी संचालनमा आएको यो खान

स) **कालाखोला चौर खानेपानी योजना** : करिब १० घर र मण्डेला प्रा वि का लागी संचालनमा आएको यो खान

**ष) तिमीले खोला खानेपानी योजना** : करिब १४ घरका लागी संचालनमा आएको यो खान
**श) जलकेनी खानेपानी योजना** : करिब ४ घरका लागी संचालनमा आएको यो खान

## ३.२ वडा नं २ (काफलकोट) को खानेपानीको अवस्था

### ३.२.१ काले खानी काफलकोट खानेपानी योजना




करिव ८० घरमा संचालित कालीखोला खानेपानी योजना २ वटा श्रोत बाट छुट्टा छुट्टै पाइपबाट गाउँमा ल्याएर वितरण गरिएको छ । काफलकोटका समुदायको खानेपानीको समस्यालाई समाधान गरे पनि एक घर एक धाराको अवधारणालाइ सार्थक बनाउन सकिरहेको छैन । अरु समुदायको तुलनामा यो काफलकोटमा पानीको समस्या छैन र पानी सन्चालन राम्रो संग भएको देखियो ।

**३.२.२ नाहागाउँ खानेपानी योजना** करिव २५०० मिटर पर लामो मुख्य लाइन भएको नाहागाउँ खानेपानी योजना पाइप लाइन सबै जिर्ण भएर सेवा सन्चालनमा समय समयमा अबरोध आउने गरेको छ तसर्थ यो योजनालाई पुनर्निर्माण गरि करिब ९५ घर धुरीका लागी योजना निर्माण गर्नु पर्ने देखिन्छ । प्राविधिका रुपमा लागत इस्टिमेट गर्दा जम्मा लागत २६ लाख जति लाग्ने देखिन्छ र यसमा ६ लाख जतिको पाइप खन्ने पुर्ने जनसहभागितामा गरे पनि २० लाख जति बजेट को आवस्यक पर्ने छ जसमा घर घर जाने पाइप र धाराको इस्टिमेट गरिएको छैन ।

यस योजनको इस्टिमेटमा केवल इन्टेक निर्माण, २० घ मि का २ वटा रिजर्भ टैंक र पाइप लाइनको काम मात्र समावेश गरिएको छ । यो योजना वडा नं २ को दोश्रो प्राथमिकतामा पर्ने देखिन्छ ।




### ३.२.३ उपल्लो दुरपाला खानेपानी योजना

करिव ६५ घरले वसोवास गरेको उपल्लो दुरपाला गाउँमा खानेपानीको समस्या विकराल रुपमा रहेको छ। गाउँबाट करिव आधा घण्टा तलको बाटोमा रहेको मुहानबाट पानी बोकेर खानु पर्ने रहेछ। सो गाउँका लागि सिर्प गाउँको पुच्छार बाट सजिलै खेर गएको पानी आउने भए पनि सिर्प गाउँका समुदायबाट पानी ल्याउन अवरोध भएको छ। तसर्थ यथा सक्य छिटो मुहान विवाद मिलाएर पानी ल्याउन पर्ने देखिन्छ। सो योजनाको लागि पाइप खन्ने कार्य बाहेक १५ लाख लाग्ने देखिन्छ र पाइप



खन्ने पुर्ने कार्य जन श्रमदान बाट गर्न सकिन्छ । यो गांउको खानेपानी योजना वडा नं २ को प्रथम प्राथमिकतामा पर्ने भएकोले सिर्प गाउँका समुदाय संग बसेर श्रोत विवाद मिलाएर यथासक्य छिटो योजना सन्चालनमा ल्याउनु पर्ने देखिन्छ ।

### ३.२.४ दुरपाला खानेपानी योजना

१३८ घर परिवार र २ वटा प्रा वि (जनता प्रावि र नेरा प्रावि) गरि ११५ जना विद्यार्थीले खानेपानी उपयोग गर्दै आएको गाउँमा व्यवस्थित तवरले पानी प्राप्त गरि राखेका छन । खानेपानीको मुहानमा एक धारा छाडिएको छ जसबाट उपल्लो दुरपाला टोलका उपभोक्ताहरुले उपयोग गरि रहेका छन । नेपाल सरकारको एक घर एक धारा निति कार्यान्वयन नभए पनि अन्य समुदायको तुलनामा राम्रो संग पानी प्राप्त गरिरहेका छन ।




### ३.२.५ अन्य साना खानेपानी योजनाहरु

**क) सिर्प गाउँ खानेपानी योजना** : सिर्प गाउँ खानेपानी श्रोतका हिसावले धनि गाउँ मान्न सकिन्छ गाउँ नजिकमा नै श्रोत रहेको र सम्पुर्ण घरहरुले सिधै मुहानमा पाइप लगाएर घर घरमा पानी लगेर प्रयोग गरि रहेको अवस्था छ । तसर्थ पानीको समस्या नभएको समुदायमा यस समुदायलाई राख्न सकिन्छ तथापी पाइप र मुहान भने व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

**ख) थापा टोल खानेपानी योजना** : करिब ८ घरको वसोवास भएको उपल्लो दुरपालाको थापा टोलमा गाउँ नजिकको सानो मुहानलाई व्यवस्थित गरि पानी प्रयोग गरेको अवस्थामा खानेपानीको समस्या नभएको टोलको रुपमा गणना गर्न सकिन्छ ।

**ग) तुलधारा खानेपानी योजना** : उपल्लो दुरपालामा रहेको यो कुलधाराको मुहान व्यवस्थित गरि करिव ३२ घर परिवारले प्रयोग गरि राखेको योजनामा पानीको उपलब्धता ज्यादै न्युन रहेको छ र पानी केवल पिउनका लागि मात्र उपलब्ध रहेको छ । दलित टोल, तिमिल्सीना टोल र तुलधारा टोलका

उपभोक्ताहरुले प्रयोग गरि राखेका छन । अन्य वैकल्पिक श्रोत नरहेकोले हाललाई यो योजना नै उपयुक्त विकल्प रहेको छ ।

**वडा नं ३.३ (आग्रीगाउँ) को खानेपानीको अवस्था**

**३.३.१) झ्यामा गाउँ खानेपानी योजना :**

टिमुरे श्रोत बाट करिब ४ कि मि मेनलाइन बाट लगेर करिव ५० घर लाई सेवा दिएको यो योजना संचालनमा आएको छ । सार्वजनिक धारा भएको यो योजनालाई स्तरोन्नति गरि निजि धारामा परिवर्तन गर्नु पर्ने देखिन्छ । हालको लागि पानी पिउनको लागि पर्याप्त भए पनि नेपाल सरकारको एक घर एक धाराको निति कार्यान्वयन गर्न थप सुधारका कामहरु गर्नु पर्ने देखिन्छ ।




**३.३.२) औल झ्यामा खानेपानी योजना** :

छिन्चु जाजरकोट राजमार्गमा रहेको औल झ्यामा खानेपानी योजना गाउँ नजिक अलि माथिको श्रोतबाट ल्याएर करिब ४१ घर धुरीले प्रयोग गरि रहेका छन । यो योजना पनि पहिलाको सार्वजनिक धाराको मोडलमा निर्माण भएकोमा स्तरोन्नति गरि एक घर एक धाराको निति अनुसार निर्माण गर्नु पर्ने देखिएको छ । यो वस्ति राजमार्गको किनाराम फैलिएकोले बजार वा वस्ति विस्तारको सम्भावना लाई समेत ख्याल गरेर सेवा सुधारको कार्यलाई अगाडी बढाउनु पर्ने देखिएको छ ।




**३.३.३) पुनेउटा गाउँ खानेपानी योजना** : करिब १९ घरको वसोवास भएको पुनेउटा गाउँ नजिकका




**३.३.४) बाङ्गेडाला गाउँ खानेपानी योजना** : करिब ४४ घरको वसोवास भएको लापु गाउँ

**३.३.५) टिमुरे मुग्रा खानेपानी योजना** : करिब २९ घरको वसोवास भएको पुनेउटा गाउँ नजिकका

**३.३.६) सिमल गहिरा खानेपानी योजना** : करिब ५ घरको वसोवास भएको पुनेउटा गाउँ




सिम्ता गाउँपालिका वडा नं ३ आग्री गाउंमा खानेपानीको अवस्था राम्रो नै रहेको छ। टिमूरेको श्रोत बाट श्रोत वरिपरिका गाउँका अलावा ५ कि मी टाढा रहेको भ्याम्मा र आलीमा समेत पानी लगिएको

## ३.४ वडा नं ४ (बजेडीचौर) को खानेपानीको अवस्था

### ३.४.१ कालीखोला खानेपानी योजना



### ३.४.२ बजेडीचौर खानेपानी योजना




### ३.४.३ सिमलगाउँ खानेपानी योजना



### ३.५ वडा नं ५ (बजेडीचौर) को खानेपानीको अवस्था

**३.५.१ बजेडा लिपेचौर खानेपानी योजना:** करिब ६६ घरको वसोवास भएको लिपचौर गाउँ नजिकबाट ल्याएको श्रोत बाट संचालित योजना पनि सार्वजनि धाराबाट सेवा दिएको छ । का योजना यसलाई पनि सेवाको स्तर उन्नति तथा विस्तार गर्नु पर्ने देखिएको छ




**३.५.२ अइरेनी बजेडा आली खानेपानी योजना:** करिब ३० घरको वसोवास भएको बगरे खोला आली गाउँ नजिकको यो योजना संचालनमा भएपनि सेवाको स्तर उन्नति गरि एक घर एक धाराको नितिलाई अवलम्वन गर्नु पर्ने देखिन्छ ।

**३.५.३ कालीका चौर सिमले आली खानेपानी योजना:** करिब १३ घरको वसोवास भएको बगरे खोला आली गाउँ नजिकको यो योजना पनि संचालनमा छ र सेवाको स्तर उन्नति गरि एक घर एक धाराको नितिलाई अवलम्वन गर्नु पर्ने देखिन्छ ।

**३.५.४ बजेडा आली (ओराल खेत मुल) खानेपानी योजना:** करिब ४४ घरको वसोवास भएको बगरे खोला आली गाउँ नजिकमा रहेको अर्को योजना हो । यो योजना राम्रो संग संचालनमा रहेको छ तथापि सेवाको स्तर उन्नति गरि एक घर एक धाराको नितिलाई अवलम्वन गर्नु पर्ने देखिन्छ ।

## ३.६ वडा नं ६ (राकम) को खानेपानीको अवस्था

### ३.६.१ जामुने बजार बृहद खानेपानी योजना

नेपाल सरकारबाट निर्माणाधिन रहेको यो जामुने बजार खानेपानी योजना अत्यन्तै आवस्यक योजना हो हाल जामुने बजारमा खानेपानीको निकै अभाव रहेको छ। तसर्थ यो योजना आगामि केहि वर्षमा पुरा हुने अपेक्षा गरिएको छ






### ३.६.२ राकम बजार बृहद खानेपानी योजना

हालको लागि बजार भन्द केहि माथिको श्रोत बाट योजना संचालित छ जुन अपर्याप्त र अपुग छ तसर्थ राकम वजारको पुर्व उत्तर तर्फको भेरि नदि किनारमा ड्रील गरेर पानी लिफ्ट गरेर ओभरहेड टंकि बाट पानी वितरण गरे मात्र स्थायि समाधान हुने देखिन्छ ।

### ३.७ वडा नं ७ (काप्रीचौर) को खानेपानीको अवस्था

### ३.७.१ गोन्या खोला पाखापानी खानेपानी योजना ३५ घर

### ३.७.२ धारापानी खानेपानी योजना ७० घर

### ३.७.३ पेडो खोला खानेपानी योजना ८८ घर




### ३.८ वडा नं ८ (डांडाखाली) को खानेपानीको अवस्था

### ३.८.१ सागिनी गहिरा खा पा यो जम्मा १० घर ३२६ मिटर

### ३.८.२ विचारे खा पा यो जम्मा ३० घर विद्यार्थी ४०० ३२६ मिटर

### ३.८.३ डांडाखाली खिल्नेचौर खा पा यो जम्मा ३७ घर मिटर




### ३.८.४ सागिनी गहिरा खा पा यो जम्मा १० घर ३२६ मिटर




### ३.८.५ माल्पा चुनपानी खा पा यो जम्मा १८ घर ५३९ मिटर

**३.९ वडा नं ९ (खानीखोला) को खानेपानीको अवस्था**

**३.९.१ दुनी खानेपानी योजना जम्मा १५ घर**

**३.९.२ कांडा सिम्ता दुनी खानेपानी योजना जम्मा ३२ घर**




**३.९.३ कालीखोला खहरे दुनी खानेपानी योजना जम्मा ३८ घर**

**३.९.४ बर्णे खानेपानी योजना जम्मा २१ घर**

**३.९.५ खानीखोला कांडा सिम्ता खानेपानी योजना जम्मा ५७ घर**

**३.९.६ कोटडांडा खानीखोला खानेपानी योजना जम्मा ३६ घर३**

**३.९.७ चोल्या खानेपानी योजना जम्मा ३३ घर**

**३.९.८ टाटे खानेपानी योजना पम्प जम्मा ७ घर**

**३.९.९ कालीखोला खहरे कुचितडा खानेपानी योजना जम्मा ४० घर**

**३.९.१० पाखापानी खानेपानी योजना जम्मा ६० घर**

**३.९.११ अधेरीखोला खानेपानी योजना जम्मा ७४ घर र १५० जना विद्यार्थी**

**३.९.१२ भिलभिले खानेपानी योजना जम्मा ८ घर र २० जना विद्यार्थी**

**३.९.१३ घिमानखोला खोचेरी खानेपानी योजना जम्मा १० घर**

**३.९.१४ लामा ढुङ्गा खानेपानी योजना जम्मा ५ घर**

**३.९.१५ नुनथला खानेपानी योजना जम्मा ४१ घर र २३ जना विद्यार्थी**

**३.९.१६ जुगे पानी खानेपानी योजना जम्मा ७ घर**

## ४. सरसफाईको बर्तमान अवस्था

सरसफाइ अभियानमा सिम्ता गाउँ पालीका का तत्कालीन गा वि स हरुले उल्लेखनिय उपलब्धी हाशिल गरिसकेको छ । सरसफाइ गुरुयोजना २०६८को अनुसार करिब ४६.२० प्रतिशत जनसंख्यालाई मात्र सुरक्षित चर्पीमा पहुँच भएकोमा तीन बर्ष पछि शतप्रतिशतलाई सुरक्षित चर्पी प्रयोगमा पहुँच पुगि, २०७१ पौष १६ गते साविकका गा वि स मध्य अन्तिममा खुला दिसामुक्त गा वि स घोषणा भएको थियो । यो गाउँ पालीकको गर्वको विषय हो ।

तालिका :शौचालय प्रयोग गर्ने परिवारको विवरण (२०६८ को जनगणना अनुसार)

| वडा न | गाउँको नाम | जम्मा घरधुरी | चर्पीनै नभएका | प्रयोग गरिएको चर्पीको प्रकार | | |
|---|---|---|---|---|---|---|
| | | | | फल्स भएको चपी | साधारण चर्पी | अनुत्तरित |
| १ | घोरेटा | ५३० | २७६ | २१० | ३७ | ७ |
| २ | काफलकोट | ५८४ | २८६ | १४८ | १४५ | ५ |
| ३ | आग्रिगाउ | ५०९ | ३३४ | १३४ | ४१ | ० |
| ४,५ | बजेडिचौर | ८६५ | ५७३ | १४२ | १४६ | ४ |
| ६ | राकम | ८०० | ५५२ | १५२ | ९२ | ४ |
| ७ | काप्रिचौर | ५९८ | ४९२ | ३१ | ६६ | ९ |
| ८ | डाँडाखाली | ५४१ | ३५६ | ५१ | १३३ | १ |
| ९ | खानीखोला | ६६७ | ३८१ | २२ | २६२ | २ |
| | जम्मा | ५०९४ | ३२५० | ८९० | ९२२ | ३२ |

श्रोत : राष्ट्रिय जनगणना २०६८

सिम्ता गाउँ पालीकामा खुल्ला दिसा मुक्त घोषणा पछि दिगो रुपमा खानेपानी, सरसफाइ र स्वच्छताको आनिवानीमा परिर्वतन गर्ने कार्यक्रमहरु तयारी क्रममा रहेको थियो । तर व्यवस्थित रुपमा कार्यक्रमहरु संचालन नभए पनि व्यक्तिगतरुपमा घरपरिवारबाट नै विभिन्न सहयोगी संस्थाहरुको पहलमा दिगो सरसफाईको पहल भइ राखेको छ । घर घरमा भांडा सुकाउने चाङ्ग र शौचालयको मर्मत संभार तथा प्रयोगले निरन्तरता पाई राखेको छ ।

### ४.१ सार्बजनिक शौचालय तथा फोहोर ब्यवस्थापन

यस गाउँपालिकाका अधिकांश क्षेत्र पहाडि भागमा अवस्थित रहेको र जनघनत्व पनि कम भएको हुनाले प्राय गरेर निजि वाहेक सार्बजनिक शौचालयहरु निमार्ण तथा प्रयोग खासै त्यस क्षेत्रमा भएका छैनन । यद्यपी यो जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेकाले गाउँपालिका भित्रका साविकका गाविसहरुका आवस्यक स्थानहरुमा सार्वजनिक शौचालय बनाउनुपर्ने नितिगत व्यवस्था अनुसार प्रभावकारी भएको देखिदैन । यस गाउपाँलिकामा सार्वजनिक शौचालयहरुको हकमा गोजिमा १ र बांखर्क मा १ गरी गरी जम्मा २ वटा सार्वजनिक शौचालयको निर्माण भएको पाइएको छ । सार्वजनिक शोचालयहरु निर्माण भन्दा पनि संचालनमा चुनौति देखिएको छ । गाउँपालिकाका बजार क्षेत्रहरु जस्तै जामुने बजार र राकममा पनि सार्वजनिक शौचालयको आवस्यकता देखिएको छ तर मर्मत संभार र संचालनको आस्वस्तता पछि मात्र निर्माण गरिनु पर्ने देखिन्छ ।

यस गाउँपालिकामा व्यवस्थित तवरको ल्याडफिल्ड साइड नरहेतापनि सामान्य अवस्थाले यसको व्यवस्थापन गर्ने गरेको देखिन आएको छ । विशेष गरी खोला खोल्सा, नदी किनारा, घर नजिकै खाडल बनाएर यसको बिर्सजन गर्ने गरेको देखिन्छ । यस गाउँपालिकामा आगामी दिनमा गाउँलाई सफा र स्वच्छ गराउनका लागि फोहरमैला व्यवस्थापन गर्न जरुरी देखिएको छ ।

## ४.२ स्वास्थ्य संस्थाहरुमा खानेपानी र सरसफाइ अवस्था

गोरखा जिल्लामा २वटा अस्पताल, ३वटा प्राथमिक स्वस्थ्य केन्द्र, ६५वटा स्वस्थ्य चौकी र ३ वटा नीजि अस्पतालहरु रहेका छन् ।पुराना भवनहरुमा सञ्चालित स्वस्थ्य संस्थाहरुमा सामान्य चर्पीको ब्यवस्था भए पनि नयां डिजाइन अनुसार पछि बनेका नयां भबनहरुमा ब्यस्थित चर्पी बनेको पाइन्छ ।तर ति स्वस्थ्या संस्थहरु(जस्तै मनकामन,बुंकोट,ताक्लुङ,ताङ्लीचोक, खोप्लाङ,मकैसिङ, आदी)मा पानीको उपलब्धता नभएको कारण निर्माण भएका चर्पीहरु प्रयोग बिहिन अवस्थाएमा रहेका छन् । जिल्ला अस्पताल, प्राथमिक स्वस्थ्य केन्द्र र स्वस्थ्य चौकी आदीमा चर्पीको सरसफाइ हुन सकेको छैन । सबै स्वस्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी र सरसफाइको पहुंच सुनिश्चितता गराउनु पर्ने देखिन्छ । यसैगरी स्वस्थ्य संस्थामा सरसफाइ कर्नर स्थापना गरी नियमित स्वस्थ्य परिक्षण र उपचारमा आउने बिरामीहरुलाई सरसफाइ र स्वच्छता सम्बन्धि परामर्स दिने ब्यवस्था मिलाउनु पर्ने छ ।

## ४.३ विद्यालयहरुमा  खानेपानी र सरसफाइको अवस्था :

जिल्ला आयोजना कार्यन्व कार्यन्वयन इकाईको अनुसार गोरखामा १–३कक्षा सम्म सञ्चालन भएका ११२वटा विद्यालय, १–५ कक्षा सम्म सञ्चालन भएका १५६वटा विद्यालय, १–८ कक्षा सम्म सञ्चालन भएका ६३वटा विद्यालय,१–१० कक्षा सम्म सञ्चालन भएका ५५वटा विद्यालय,११–१२ कक्षा सम्म सञ्चालन भएका ५७ वटा गरी ४४३वटासमुदायिक विद्यालयरहेका छन् । ति विद्यालयमा १–५ कक्षा सम्म १३७८५ छात्रा सहित२७२३६ विद्यार्थी रहेका छन भने ६–८ कक्षा सम्म ९७३९ छात्रा सहित १८३२९ विद्यार्थी रहेका छन, यसै गरी ९–१० कक्षा सम्म ५४९० छात्रा सहित १०२९२ विद्यार्थी रहेका छन र ११–१२ कक्षा सम्म २२६९ छात्रा सहित ३८५५ विद्यार्थी सहित जम्मा ३१२८३ छात्रा सहित ५९७१४ विद्यार्थीहरु रहेका छन । यहांका ४४३वटा समुदायिक विद्यालयहरु मध्ये १७२मा खानेपानीको सुबिधा उपलब्धता भएको छ भने २३३ विद्यालयहरुमा चर्पीको सुबिधा छ । यसररी हेर्दा ६१.६ प्रतिशत विद्यालयहरुका विद्यार्थीहरु पानीको सुबिधाबाट बञ्चितमा रहेका छन भने ४७.८ प्रतिशत विद्यालयहरुका विद्यार्थीहरु सरसफाइको सुबिधाबाट बञ्चितमा रहेका छन् । ति पानीको सुबिधाबाट बञ्चितमा रहेका विद्यालयहरुमा पानी बोकेर पिउनु रविद्यार्थीहरु पानी खोज्दै छिमेकी घरहरुमा जाने अवस्था छ साथै चर्पी निर्माण भएका मध्ये १५प्रतिशत विद्यालयहरुमा बोकेको पानीले शौचालय प्रयोग गर्नु पर्ने अबस्था रहेको छ । भूकम्प पछि क्षति गरेका विद्यालयहरु मध्ये अस्थाइ सिकाई केन्द्र निर्माण हुदै गरेका विद्यालयहरुमा चर्पी निर्माणकार्य हुदै गरेको छ । आगामी दिनमा सबै विद्यालयहरुमा सुरक्षित

पिउनेपानी, प्रयोगकर्तामैत्री शौचालय, हात धुने स्थान र सामग्रीको उपलब्धता, महिनावारी हुँदाको सरसफाइ व्यवस्थापन गरेर फोहोर व्यवस्थापन पक्षमा सुधार गर्नु पर्ने देखिन्छ ।

### ४.४ स्वस्थ्य संस्थाहरुमा खानेपानी र सरसफाइ अवस्था

यस गाउँपालिकामा जम्मा २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ८ वटा स्वस्थ्य चौकी गरी जम्मा १० वटा स्वास्थ्य संस्थाहरु रहेका छन । पुराना भवनहरुमा सञ्चालित स्वस्थ्य संस्थाहरुमा सामान्य चर्पीको व्यवस्था भए पनि नयां डिजाइन अनुसार पछि बनेका नयां भबनहरुमा व्यवस्थित चर्पी बनेको पाइन्छ । तर ति सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा पानीको उपलब्धता नभएको कारण निर्माण भएका चर्पीहरु प्रयोग बिहिन अवस्थाएमा रहेका छन् । सबै स्वस्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी र सरसफाइको पहुंच सुनिश्चितता गराउनु पर्ने देखिन्छ । यसैगरी स्वस्थ्य संस्थामा सरसफाइ कर्नर स्थापना गरी नियमित स्वस्थ्य परिक्षण र उपचारमा आउने बिरामीहरुलाई सरसफाइ र स्वच्छता सम्बन्धि परामर्स दिने व्यवस्था मिलाउनु पर्ने छ ।

### ४.५ विद्यालयहरुमा  खानेपानी र सरसफाइको अवस्था :

जिल्ला आयोजना कार्यन्व कार्यन्वयन इकाईको अनुसार सिम्ता गाउँपालिका वडा नं १ मा १० वटा, वडा नं २ मा ९ वटा, वडा नं ३ मा ९, वडा नं ४ मा ७, वडा नं ५ मा ५, वडा नं ६ मा ७, वडा नं ७ मा १०, वडा नं ८ मा ५ र वडा नं १० गरि जम्मा ७२ वटा सामुदायिक विद्यालय रहेका छन । यहांका जम्मा ७२ वटा समुदायिक विद्यालयहरु मध्ये ४० वटामा खानेपानीको सुबिधा उपलब्धता भएको छ भने ७२ वटै विद्यालयहरुमा चर्पीको सुबिधा छ । यसररी हेर्दा ४५.५५ प्रतिशत विद्यालयहरुका विद्यार्थीहरु पानीको सुबिधाबाट बञ्चितमा रहेका छन भने शत प्रतिशत विद्यालयहरुमा सरसफाइको सुबिधाबाट बञ्चितमा रहेका छन् । ति पानीको सुबिधाबाट बञ्चितमा रहेका विद्यालयहरुमा पानी बोकेर पिउनु रविद्यार्थीहरु पानी खोज्दै छिमेकी घरहरुमा जाने अवस्था छ साथै चर्पी निर्माण भएका मध्ये सबै जसो विद्यालयहरुमा शौचालय संचालनको अवस्था अत्यन्तै दयनिय छ तसर्थ नयां सरसफाइका सुविधा निर्माणमा भन्दा निर्मित सुविधाको सदुपयोगमा ध्यान दिनु जरुसी छ । आगामी दिनमा सबै विद्यालयहरुमा सुरक्षित पिउनेपानी, प्रयोगकर्तामैत्री शौचालय, हात धुने स्थान र सामग्रीको उपलब्धता, महिनावारी हुँदाको सरसफाइ व्यवस्थापन गरेर फोहोर व्यवस्थापन पक्षमा सुधार गर्नु पर्ने देखिन्छ ।

## ५. रणनीतिक योजना

गाउ स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले तयार गरेको गाउँको खानेपानी सरसफाइ तथा स्वच्छता रणनीतिक योजनाको परिकल्पनाभित्र रही खानेपानी तथा सरसफाइका लागि स्वस्थ व्यक्ति, सचेत समाज, सफा तथा स्वच्छ घर आसपास र सुन्दर गांउ र सुन्दर हरियाली, स्वच्छ खोला खोल्सा तथा पाखा रहेको सिम्ता गाउँ रहनेछ

## ५.१ रणनीतिक योजनाले गरेको परिकल्पना

आगामी ५ वर्ष भित्र गाउँपालिका भरिका सम्पुर्ण उपभोक्ताहरुमा आधारभुत खानेपानीको पंहुच पुगेको र सभ्य, समुन्नत, सुन्दर, स्वच्छ र स्वस्थ समुदायको निर्माण भएको हुनेछ

सम्पूर्ण गाउँपालिकावासीहरुको स्वच्छ पानीमा पहूँच भइ गाउँपालिकाको स्वास्थ्य स्थितीमा उल्लेखनिय सुधार आएको हुनेछ ।

## ५.२ लक्ष्य

**क.** सम्पूर्ण गाउँवासीहरुको स्वच्छ पानीमा पहूँच भइ गाउँपालिकाको स्वास्थ्य स्थितीमा उल्लेखनिय सुधार आएको हुनेछ ।

**ख.** गाउँपालिकाका सम्पुर्ण मानिसहरुको पूर्ण सरसफाइ सम्बन्धि आनिबानीमा थप चेतना जागृत गराउदै पूर्ण सरसफाइका सबै अभ्यासहरुमा अभ्यस्त गराउदै सिम्ता गाउँपालिका पूर्ण सरसफाइयूक्त गाउँपालिका हुनेछ ।

ग. स्वच्छता व्यवहारलाई  जिल्लावासीहरुले आफ्नो जिवनको अभिन्न अंगको रुपमा अपनाउने छन र उनिहरुको स्वास्थ्यमा उल्लेखनिय सुधार भएको हुनेछ ।

## ५.३ उद्देश्य

गाउ पालीका क्षेत्रमा हाल रहेका खानेपानी तथा सरसफाईका सुविधाको स्तर र यथार्थ अवस्था पत्ता लगाई भविष्यका लागी सम्भावनाको खोजी गर्ने यो रणनितिक योजनाको प्रमुख लक्ष्य रहेको छ । यसका लागि फिल्ड सर्वेक्षण, वडा अध्यक्षज्युहरु संगको छलफलबाट संकलन गरेका तथ्यांकहरु, नेपालको पछिल्लो जनगणना राष्ट्रिय जनणना २०६८ अनुसारको जानकारी आदि स्रोतहरु बाट तथ्याङ्क संकलन तथा विश्लेशण सहित गाउँपालिकाको खानेपानी तथा सरसफाईको यथार्थ वस्तुस्थिति चित्रण गर्ने पनि उद्देश्य रहेको छ । यी उद्धेश्यहरुका साथै अन्य विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

### ५.३.१ उद्देश्य क:

१. सन् २०२२ सम्म सतप्रतिशत घरधुरीलाई मापदण्डअनुसारको गुणस्तर सुनिश्चित भएको सुरक्षित खानेपानी सेवा पुग्ने गरी नयाँ योजना निर्माण एवं संचालन भएका हुनेछन् ।

२. सम्पन्न भई सञ्चालनमा नआएका आयोजनाहरुको सन् २०२२ सम्म मर्मत सम्भार भई सञ्चालनमा आइ मापदण्डअनुसारको गुणस्तर सुनिश्चित भएको पानी जिल्लावासीहरुले प्राप्त गरेका हुनेछन ।

३ गरिबीका रेखामुनि रहेका शतप्रतिशत जनसङ्ख्यालाई खा.पा.को सुनिश्चितता गराउने नीति तय गरी कार्यान्वयन भएको हुनेछ ।

**प्रतिफल**

१ सत प्रतिशत घरधुरीमा मर्मत सम्भार गरिएका, विधमान तथा नयाँ योजनाबाट सुरक्षित खानेपानीको उपलब्धता भएको हुनेछ ।

२ जिल्ला भरिका मर्मत गर्नुपर्ने योजनाको पहिचान हुनेछ ।

३ मर्मत गर्नुपर्ने पहिचान भएका सम्पुर्ण खानेपानी योजनाहरु मर्मत सम्भार भै सञ्चालनमा आउनेछ ।

४ मर्मत सम्भारबाट सम्पुर्ण घरधुरी लाभान्वित भएका हुनेछ ।

५. माग तथा आवश्यकताका आधारमा नयाँ तथा मर्मत सम्भार गर्नुपर्ने सम्पुर्ण पुराना आयोजनाहरुमा उपभोक्ता समिति गठन भएका हुनेछ ।

६. सम्पुर्ण नयाँ तथा पुराना आयोजनाहरुमा मर्मत सम्भार कोषको व्यवस्था तथा परिचालन भएको हुनेछ ।

७. सम्पुर्ण खानेपानी, सरसफाइ उपभोक्ता समितिहरुको आफ्नो काम, कर्तव्य तथा अधिकारको कार्यान्वयन भएको हुनेछ ।

८. सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन भएको हुनेछ ।

९. खानेपानी योजनामा पारदर्शिता कायम गर्न सामाजिक परीक्षण प्रक्रिया सुनिश्चित भएको हुनेछ

३.६ **आवश्यक मात्रामा** प्राविधिक सहायक, दक्ष मिस्त्रीहरुलाई निर्माण गुणस्तरसम्बन्धी तालिम उपलब्ध भएको हुनेछ ।

१०. .**आवस्यक मात्रामा** प्राविधिक सहायकहरु थप गरी अनुगमन गरी व्यवस्थित योजना निर्माणमा सहयोग हुनेछ ।

११. **सम्पुर्ण** नयाँ तथा पुराना खानेपानी योजनाहरुमा जैविक साथै आर्सेनिक, आइरन र क्याल्सियम परीक्षण गरी उपयुक्त प्रशोधन प्रणालीको व्यवस्था भएको हुनेछ ।

१२ गरिब घरधुरीहरुको पहिचान भएको हुनेछ ।

१३. पहिचान भएका सबै धरधुरीले नीति अनुरुप सेवा सुविधा प्राप्त गरेका हुनेछन् ।

## ५.३.२ उद्धेश्य खः

**१.** खुला दिसा मूक्त क्षेत्र घोषणापरान्त आवश्यक उपयूक्त नीति नियम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२ पूर्ण सरसफाइ कार्यलाइ दिगो रुपमा निरन्तरता दिइ राख्न उपयूक्त योजना तर्जुमा गरी कायान्वयन हुनेछ ।

३ प्रभावकारी अनुगमन पध्दति कार्यान्वयन हुनेछ ।

४. मानिसहरुको पूर्ण सरसफाइको लागि आवश्यक आनीवानीमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

**प्रतिफल**

१. खुला दिसा मूक्त क्षेत्र घोषणा सम्बन्धि भइरहेका नीति नियमहरु आवश्यकता अनुसार परीमार्जन भइ कार्यान्वयन भएको हुनेछ ।
२ खुला दिसा मूक्त क्षेत्र घोषणापरान्त आवश्यक समय सुहाउदो नीति नियम निर्माण भइ सो को प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
३ गाउँपालिकाका सबै ब्यक्तिहरुले स्वस्थप्रद चर्पि प्रयोग गर्ने छन ।
४. ८० प्रतिशत गाउँपालिका वासीमा साबुन पानीले हात धुने बानीको विकास हुनेछ ।
५ पूर्ण सरसफाइको सम्बन्धमा ७५ प्रतिशत व्यक्तिको व्यवहारमा सकारात्मक परीवर्तन आएको हुनेछ ।
६ **WASHCC** नियमित कोषको व्यवस्था हुनेछ ।
७ उपभोक्ता समिति र अभियानकर्ता प्रत्येक वडा वडामा सक्रिय रुपमा चेतना अभिबृद्दि कार्यक्रममा संलग्न भएको हुनेछन ।
८ गाउँपालिका स्तरिय अनुगमन समिति स्वचालित भइ प्रत्येक वडाहरुमा सक्रिय रुपमा अनुगमन गरेको हुनेछन ।
९ नियमित अनुगमन र पृष्टपोषण कार्य सुचारु रुपमा सन्चालन भएको हुनेछ ।

## ५.३.४ उद्देश्य ग:

१. जोखिमपूर्ण अवस्थामा साबुनपानीले हात धुने बानीको विकास हुनेछ ।
२. नियमित रुपमा फोहोरको सुरक्षित विसर्जन गर्ने चेतना, ज्ञान तथा सुबिधाको विकास भएको हुनेछ् ।
३. सुरक्षित पानीको उपलब्धता तथा प्रयोग भएको हुनेछ् ।
४. पूर्ण सरसफाइ तथा स्वच्छ आनीबानीको निरन्तर अभ्यास हुनेछ ।

**प्रतिफलहरु:**

१. परिवारका सम्पूर्ण सदस्यहरुले जोखिमपूर्ण अवस्था (खाना बनाउनु अघि खानुअघि, खुवाउनुअघि, दिसा धोएपछि, फोहोर छोएपछि) मा साबुन पानीले हात धुनेछन् ।
२. भान्साबाट निस्केको फोहोर खाडलमा राखेको हुनेछ ।
३. घर र गोठ छुट्टाछुट्टै बनेको हुनेछ ।
४. घरको भित्रीभाग सफा र सुरक्षित गर्ने उद्देश्यले सुत्ने ठाउँ सफा, भान्सा उज्यालो र धुँवारहित चुलोको प्रयोग भएको हुनेछ् ।
५. पानी संकलन, भण्डारण र उपयोग सफा र सुरक्षित हुनेछन् ।

**नतिजाका सूचकहरु**

- सबै घरपरिवारमा स्वस्थकर चर्पीको निर्माण भई परिवारका सबै सदस्यहरुले त्यसलाई प्रयोगमा ल्याएका हुनेछन् ।
- गाउँपालिकामा रहेका सबै संघ संस्थाहरु र सबै होटल तथा लजहरुमा पर्याप्त मात्रमा खानेपानी सेवा सहितको स्वस्थकर शौचालय प्रयोगमा रहेका हुनेछन् ।

- गाउँपालिकाका बिशेष सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण र त्यसको उचित व्यवस्थापन भई सही प्रयोगमा रहेका हुनेछन् ।
- सबै घरधुरीहरु तथा संघ संस्थाहरुमा बढिमा १५ मिनटको दुरी भित्र आधारभुत स्तरको खानेपानीको सेवा उपलब्ध भएको हुनेछ ।
- कम्तिमा ८० प्रतिशत घरपरिवारले कमजोर सरसफाइबाट हुन सक्ने जोखिमबारे सचेत रही सुरक्षित सरसफाइ व्यवहार अवलम्वन गरेका हुनेछन् ।
- बढिमा ३ घण्टाको दुरीमा सरसफाइ सामग्रीको बजार उपलब्ध भएको हुनेछ ।
- ८० प्रतिशत घर परिवारहरुमा पशुलाई घरबाट छुट्टै राख्नु पर्ने चेतनाको विकास भएको हुनेछ र त्यसमध्ये कम्तिमा २५ प्रतिशत परिवारले पशुलाई घरबाट छुट्टै राखेका हुनेछन् ।
- बिगतमा बिग्रिएर संचालनमा नरहेका मध्ये ८० प्रतिशत खानेपानी योजनाहरु उपभोक्ताको उचित व्यवस्थापनमा संचालनमा आएका हुनेछन् ।
- ९० प्रतिशत खानेपानी योजनाका मुल तथा अन्य संरचनाहरु बगेर आउने भलबाट, हिडेर आउने जनावरबाट र उडेर आउने पंक्षीबाट हुन सक्ने प्रदुषणबाट सुरक्षित भएका हुनेछन् ।
- दुषित पानीका कारण लाग्ने रोगमा ५० प्रतिशतले कमि आएको हुनेछ ।

**अहिलेसम्मको मुख्य सिकाइहरु :**

१ सिघ्र रुपमा सुरक्षित सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्द्धन गर्नमा सबै क्षेत्रहरुः राजनैतिक दल, शिक्षा, स्थानीय निकाय, स्वास्थ्य, समुदायमा आधारित समुह, संस्था, नागरीक समाज, नीजि क्षेत्र, उद्योग बाणिज्य संघ, प्रहरी प्रशासन, संचार आदिको सहकार्यले मात्र संभव हुने रहेछ ।

२ स्थानीय सरकारको अगुवाईमा र गाउँपालिका तहका सबै सरोकारवालाहरुको सहभागीतामा सरसफाइ प्रवर्द्धनका साझा कार्ययोजना तयारी, कार्यान्वयन र अनुगमन गर्दा कार्यक्रम बढि प्रभावकारी बन्ने रहेछ ।

३ सरसफाइ प्रवर्द्धनमा अनुदान पद्धति र परनिर्भर मानसिकता सबै भन्दा बाधक रहेछ र स्वाभिमान, ईज्जत, प्रतिष्ठा र आत्मसम्मानको भावना जगाई सामाजिक अभियानका रुपमा अगाडि बढाउदा संभव हुने रहेछ ।

४. सरसफाई प्रवर्धनमा संचार क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण हुने रहेछ ।

६. व्यवहार परिवर्तनका लागि भौतिक पूर्वाधार भन्दा ब्यक्तिको चिन्तनमा परिवर्तन गर्न जरुरी रहेछ

७. संख्यात्मक रुपमा परम्परागत खालका धेरै तालिम गोष्ठी, प्रशिक्षण गर्नुभन्दा थोरै तर प्रभावकारी विधिहरुको प्रयोगबाट प्रज्वलन गरि छोटो समयमै सरसफाई तथा स्वच्छता व्यवहारमा रुपान्तरण गर्न सकिने रहेछ ।

८. संघ संस्था पिच्छेका आ आफ्नै नीति नियम र कार्यबिधिमा बिविधता सरसफाई तथा स्वच्छताको सामाजिक अभियानको बाधक बन्ने रहेछ ।

### ५.४ रणनीतिः

### ५.४.१ रणनीति क

१. शत प्रतिशत घरधुरीलाई मापदण्ड अनुरुपको खा.पा.यो. निर्माण, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक जनशक्तिसहित गा.वि.स.स्तर संस्थागत संरचनाको विकास गर्ने ।

२. खा.पा. आयोजनाको दिगोपनाको सुनिश्चितताको लागि मौजुदा नीति नियम तथा निर्देशिकाको बारेमा सरोकारवालाहरुलाई जानकारी दिनुका साथै प्राविधिक जनशक्तिको सीप तथा दक्षता अभिवृद्धि गर्ने ।

३. खा.पा. योजनाको अद्यावधिक गरी आवश्यकता अनुसार मर्मत सम्भार गरी दिगो रुपमा सञ्चालनमा ल्याउने ।

४. खा.पा. आयोजनामा मापदण्ड अनुसारको खानेपानी योजना निर्माण गर्न सहभागिता, पारदर्शिता, सुशासन कायम गर्न नियमित सहभागितात्मक अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने ।

५. खा.पा. आयोजना कार्यान्वयन तथा व्यवस्थापन गर्नको लागि सरोकारवाला संघसंस्थाहरुको साझेदारी मार्फत कार्य प्रणालीमा एकरुपता ल्याई दोहोरोपनको अवस्था हटाई स्रोतको उचित प्रयोग गर्ने ।

६. वर्तमान नीति नियमहरुको कार्यान्वयनका साथै आवश्यकता अनुसार नयाँ नीतिको निर्माण तथा कार्यान्वयन गरी सबै वर्ग क्षेत्रको खा.पा.मा पहुँच पुऱ्याउने ।

७. एकीकृत योजनाको विकास गरी उपलब्ध बजेट सहितको कार्ययोजना कार्यान्वयन गर्ने ।

८. लक्ष्य हासिल गर्न थप बजेट सहितको कार्य योजनामा दातृ निकाय र नेपाल सरकारसँग माग गर्ने ।

९. वैकल्पिक स्रोतको प्रयोग गरी खा.पा.को पहुँचमा वृद्धि गर्ने ।

### ५.४.२ रणनीतिः ख

१. समुदायमा आधारीत स्थानिय समुहहरु (सा.व.उ.स.), आमा समुह, स्थानिय वाल क्लवहरु लगायत अन्य क्लबहरु, स्वयम् सेवकहरुको परिचालन मार्फत सचेतना अभिवृद्धि गराउदै लैजाने ।

२. सहभागितामुलक योजना निर्माण, कार्यान्वयन तथा अनुगमन मुल्याकंनका चरणहरुमा स्थानिय समुदायहरुको सहभागिता सुनिश्चित गराउने ।

३. स्थानिय निकाय, राजनैतिक दल, नागरिक समाज, स्थानिय सि.वि.ओ., महिला स्वयम् सेवक तथा विद्यालय मार्फत खवरदारी गराउने ।

४. भएका नीति नियमहरुको प्रभाकारी कार्यान्वयन गर्ने र थप आवश्यक नीति निर्माणमा पहल गर्ने तथा दवाव सिर्जना गराउने ।

५. स्थानिय स्तरमा कार्यरत संघ संस्थाहरुको पहिचान गरी ति संस्थाहरुको समेत शौचालय निर्माण गर्न आवश्यक स्रोत पहिचान तथा परिचालन गर्नमा अभिप्रेरीत गर्ने ।

६. अनुगमन संयन्त्र गठन मार्फत खुला दिसा मूक्त क्षेत्र को लक्ष्य हासिल गर्न भएका कार्यहरुको निरन्तर व्यापक अनुगमन गर्ने ।

७. W-WASHCC गठन गरी त्यस मार्फत आवश्यक स्रोत परिचालन गर्ने र योजनाहरु निर्माण गर्ने ।

८. सरसफाइ तथा साबुन पानीले हात धुने आनीबानीको सुनिस्चितताको लागि गा. वि. स., जिल्ला समन्वय समितिको सक्रियता बढाउदै FCHV’s बाल क्लवहरु तथा महिला समुहहरुको सहभागीता बढाउन बिभिन्न वडा स्तरीय समितिहरु गठन गरि परिचालन गर्ने ।

९. पानी र फाहोरजन्य पदार्थको उचित व्यवस्थापन गर्दै बहुउपयोगी पध्दतिमा लाग्ने जस्तै फोहोरलाइ मोहरमा बदल्ने कार्यक्रम ।

१०. विभिन्न दातृ निकायहरुको सहयोगमा नियमित मर्मत सम्भार कोषको व्यवस्था गर्दै सबै चर्पिहरु आधारभुत मापदण्ड अनुरुप बनाउन लगाउने ।

११. मुख्य सरोकारहरुलाइ सक्रिय रुपमा संलग्न गराई विभिन्न चेतना अभिबृद्दि कार्यक्रमलाइ निरन्तरता दिने ।

### ५.४.४ रणनीति घ

(१). **साबुन पानीले हात धुने बानीको प्रवर्धन**

- स्थानीय सञ्चार माध्यमहरुलाई साबुन पानीले हात धुने बारेका सामग्री प्रचारप्रसारमा संलग्न गराउने ।
- हातधुने उचित विधिबारे जानकारी गराउन दक्ष जनशक्ति विकास गर्ने ।
- जोखिमपूर्ण अवस्थामा हात धुने व्यवस्थाको लागि सबैले घरघरमा हात धुने निश्चित स्थान र साबुनको प्रबन्ध मिलाउन आवश्यक सहयोग जुटाउने ।
- हात धुने बानीको अवस्थाबारे अनुगमन गर्न संयन्त्र गठन गर्ने ।
- उत्कृष्ट हातधुने बानीको विकास गर्न व्यक्ति/टोललाई पुरस्कारको व्यवस्था गर्ने ।
- हात धुने बानीलाई प्रवर्द्धन गर्न स्थानीय भाषा भेषभूषामा पोस्टर पम्पलेट प्रकाशन र वितरण गर्ने ।

(२) **संथागत सौचालय र फोहोरको व्यवस्थापन**

- सबै घर/संस्थाले चर्पी बनाई सो को उचित प्रयोग, फोहर फाल्ने खाडल बनाई प्रयोग गर्ने ।
- फोहरबाट मोहर बनाउने कार्यक्रम सञ्चालन गर्ने । (Recycling)
- सार्वजनिक - निजी साझेदारीमा फोहरको उचित व्यवस्थापन गर्ने ।
- सार्वजनिक - निजी साझेदारीमा सार्वजनिक शौचालय निर्माण गरी सञ्चालन गर्ने ।
- स्थानीय बाल क्लव, आमा समूह, विद्यालय परिचालन गरी वातावरण, पानीका मुहान आदि स्वच्छ राख्ने ।

### (३) पूर्ण सरसफाई प्रवर्धनमा स्थानिय नेतृत्व र संजालको परिचालन

- मलभान्सा, वडघर, भर्रा आदि सञ्चाल प्रयोग गरी HWWS चर्पी निर्माण/प्रयोग व्यवस्थित बसोबास गर्ने ।
- घर/गोठ अलग बनाई biogas ऊर्जा उत्पादन गर्ने व्यक्ति/समूह/मलभान्सा/वडघर/भर्रा आदि सञ्जाल/व्यक्तिहरुलाई पुरस्कृत गर्ने ।
- अस्थायी बसोबासमा पूर्ण सरसफाईको प्रबन्ध मिलाउने ।
- खा.पा.उ.स.सं., खा.पा. मर्मत सम्भार कार्यकर्ता, महिला स्वयंसेविक, आमा समूह परिचालन गरी WSP बनाउने र सोको अनुगमनको लागि संयन्त्र गठन साथै कार्यान्वयनको सुनिश्चित गर्ने ।
- खानेपानी योजनाहरुको उचित मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने ।

## ६. खानेपानी,सरसफाइ तथा स्वच्छता प्रर्वद्धन क्षेत्रमा कार्यरत सरोकारनिकायहरु :

जिल्लामा खानेपानी,सरसफाइ तथा स्वच्छता प्रर्वद्धन क्षेत्रमा कार्यरत निकायहरु निम्न अनुसार रहेका छन् ।

- कर्णाली प्रदेश सरकार
- क्षेत्रिय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, सुर्खेत
- नेपाल रेडक्रस सोसाइटी
- यूनिसेफ
- फण्ड बोर्ड,
- साना शहरी खानेपानी तथा सरसफाई आयोजना

## ७. पूर्ण सरसफाइका सूचकहरू

पूर्ण सरसफाइ अभियान अन्तर्गत सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाइ उन्मुख क्षेत्रको स्व-अनुगमन वा प्रमाणीकरणका लागि अनुगमन गर्दा निम्न लिखित सूचकहरुलाई आधार मानी उक्त क्षेत्रको अवस्थाको लेखाजोखा, घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गरिने छ ।

### *७.१. पूर्ण सरसफाइ तथा सफा र स्वच्छ क्षेत्र घोषणा चरणका सूचकहरु*

तल दिइएका ७ वटा मुख्य सूचकहरु अध्ययन गरी सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र भनी स्व-घोषणा वा प्रमाणीकरण सकिने छ ।

### *१. योजना तर्जुमा तथा व्यवस्थापन*

- समन्वय समिति सक्रिय रहेको,
- **WASH Plan** तर्जुमा भएको

- क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको,

## २. *चर्पीको समुचित प्रयोग*

- प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,
- साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,
- खुला ठाँउमा दिसा नभेटिएको,
- संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको,

## ३. *व्यक्तिगत सरसफाइ*

- प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएको,
- घर, विद्यालय संघसस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र सावुन पानी) भएका,
- घर, विद्यालय, स्वास्थ्य सस्था, कार्यालयहरुमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन  लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,
- व्यक्तिगत सरसफाइमा ध्यान पुऱ्याएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)

## ४. *सुरक्षित पानीमा पहुँच तथा प्रयोग*

- आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,
- खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,
- घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको,

## ५. *सुरक्षित खानाको प्रयोग*

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको
- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,
- फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- सुरक्षित खानाको अनुगमनका लागि  कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको,

## ६. *घरायसी एवं संस्थागत सरसफाइ*

- घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको,
- विद्यालय, संघसस्था र सार्वजनिक शौचालयहरुमा मासिक धर्म/महिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको,
- अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथाधुँवा रहित चुल्होको प्रयोग भएको,

### ७. वातावरणीय सरसफाइ

- गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको,
- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमुत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक ट्याकमा जोडिएको)
- मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको
- नगर वा नगरोन्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएको,
- नगर र नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएको,
- व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली) को योजना तर्जुमा भएको,

## ८. रणनीतिक योजनाको निति

पूर्ण सरसफाइको अवस्था हासिल गर्न लामो समय लाग्न सक्ने र ठूलो लगानी आवश्यक पर्न सक्ने हुँदा यस अभियानलाई दुई चरणमा विभाजन गरी कार्यान्वयन गरिने छ। पहिलो सफा र स्वच्छ चरण हुने छ भने दोस्रो पूर्ण सरसफाइ उन्मुख चरण हुने छ। यी दुबै चरणका क्रियाकलापहरु सञ्चालन भइ आवश्यक सूचकहरु पुरा भएको अवस्थामा उक्त क्षेत्रलाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र भनिने छ। योजना तयारीको सुरुदेखि अन्तसम्मका क्रियाकलापहरुमा बहु सरोकारवला संघसंस्थाहरुको सक्रिय

सहभागिता सुनिश्चित गरिने छ। पूर्ण सरसफाइ अभियानको एउटा सुचक सुरक्षित खानेपानीको पहुंच लाई यस रणनितिक योजनाको प्रमुख कार्य निति बनाइने छ। यसका लागि खानेपानी योजनाहरु निर्माण, पुन निर्माणका अलाव स्थानिय समिति र संघ संस्थाहरुको क्षमता अभिबृद्दी गरिने कार्यक्रम र प्रवर्द्धनका गतिविधी हरु पनि संचालन गर्ने निति अबलम्बन गरिने छ :

- स्थानिय सरकारको नेतृत्वमा कार्यक्रम सञ्चालन गरीनेछ।
- खानेपानीका श्रोत हरु सुक्दै गएकाले गाउंको माथिल्लो भागमा बर्षातको पानी संकलनका लागि पोखरी निर्माण तथा चेक ड्यामहरु निर्माणका लागि अभियान नै संचालन गरिने छ
- जलबायु परिवर्तन भई पानीका श्रोतहरुमा असर गरेकोले वृक्षारोपण तथा बन संरक्षणमा विशेष चासो दिइने छ
- नेपाल सरकारको एक घर एक धारा नितिलाई कार्यान्वयन गरिने छ।
- गाउं तथा नगर परिषदबाट निश्चित प्रतिशत रकम सरसफाइ तथा स्वच्छता प्रर्वधनमा बिनियोजन गरिने निती अवलम्वन गरिने छ।
- खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको क्षमता अभिबृद्दि कार्यक्रम संचालन गरिने छ
- ग्रामिण खानेपानी मर्मत कार्यकर्ता (पानी हेरालो) को प्राविधिक क्षमता अभिबृद्दिका लागि तालिम संचालन गरिने छ।
- नयां निर्माण हुने व्यक्तिगत घर तथा संस्थागत भबनहरुमा पहिले चर्पी निर्माणलाई प्रथमिकता दिइने छ।
- नेपाल सरकारले निर्धारण गरेको खानेपानी गुणस्तर मापदण्ड कायम गराउने।
- गाउँपालिका तथा वडा स्तरिय खानेपानी तथा सरसफाई समन्वय समितीहरु गठन तथा पुनर्गठन गरि स्तसंस्थागत सुदृढीकरण गराइने छ।
- खानेपानीको स्रोत संरक्षण र पानी सुरक्षा योजना अवलम्बन गरी गुणस्तर कायम गर्ने।
